"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"
# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : ०७९/८०
चलानी नं. : —
मिति : २०७९।०४।०२

## करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथमपटक प्रकाशित मिति : २०७९।०४।०२)

नमोबुद्ध नगरपालिकाका लागि नेपाल सरकारको सशर्त कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७९/८० का लागि देहायको पदमा देहायको योग्यता भएका कर्मचारीहरुलाई करारमा राख्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र दिनको ३ बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिनहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या | दरखास्त दिने अन्तिम मिति | आवेदन दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | ०१-०७९।८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौं तह सरह | १ (एक) | २०७९/०४।१६ कार्यलय समय भित्र | रु.५००।- |
| २. | ०२-०७९।८० | भेटरिनरी डाक्टर | स्थानीय सेवाको अधिकृत स्तर सरह | १ (एक) | | रु.१०००।- |
| ३. | ०३-०७९।८० | कृषि स्नातक करार | स्थानीय सेवाको अधिकृत स्तर सरह | १ (एक) | | रु.१०००।- |

१. **छनौटको किसिम :** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रतियोगितात्मक परीक्षा । (विज्ञापन नं. ०१-०७९।८० को लागि "स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८" र विज्ञापन नं. ०२ र ०३-०७९।८० को लागि "नमोबुद्ध नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,२०७५" बमोजिम हुने )

२. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरुः

क) नागरिकता,
ख) न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र,
ग) चारित्रिक प्रमाणपत्र,
घ) तालिमको प्रमाणपत्र,
ङ) नेपाल सरकारद्धारा संचालित कार्यक्रम वा स्थानीय तहमा काम गरेको भए सो सम्बन्धी अनुभवको कागजात,
च) २ प्रति पासपोर्ट साइजको फोटो ।

३. आवश्यक न्युनतम योग्यता र अनुभव

क. रोजगार सहायकः

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षणसंस्थाबाट कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,

- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,
- आधारभूत कम्प्युटर सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।

ख. भेटरिनरी डाक्टर

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षणसंस्थाबाट सम्बन्धित विषयमा कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण गरेको,
- नेपाल पशु चिकित्सा परिषदमा दर्ता अनुमती प्राप्त,
- दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।

ग. कृषि स्नातक करार

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षणसंस्थाबाट सम्बन्धित विषयमा कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण गरेको,
- दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।

४. सेवा सुविधा तथा अन्य :

रोजगार सहायकः स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।

भेटरिनरी डाक्टर तथा कृषि स्नातकः कार्यक्रमबाट विनियोजित भए अनुसार

५. परीक्षा मिति : पछि प्रकाशित गरिनेछ ।

६. दरखास्त दिने स्थानः नमोबुद्ध नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भकुण्डेबेशी, काभ्रेपलाञ्चोक ।

द्रष्टव्य : आवेदनको ढाँचा, पाठ्यक्रम तथा कार्य विवरण सम्बन्धी जानकारी www.namobuddhamun.gov.np मा प्राप्त हुनेछ ।

नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल